वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

bhanjyangnews.com




वर्ष ४४ अंक २८२ | २०८२ फागुन १८ गते सोमबार, नेपाल सम्वत् ११४६ March 02, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-




## चुनाव प्रचार प्रसार र्‍याली

अखिल नेपाल महिला संघ, तनहुँले आइतबार दमौलीमा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तनहुँ क्षेत्र नं. १ का उम्मेदवार भगवती न्यौपानेको प्रचारप्रसारका लागि आयोजित र्‍याली । अनेमसंघले आइतबार आँवुखैरेनी, डुम्रे र दमौली बजारमा र्‍याली प्रदर्शन गर्दै सूर्य चिन्हमा मतदान गर्न मतदातासंग आग्रह गरेका थिए।

*तस्विर : भञ्ज्याङ*

# ‘विभेद हटाउँछु भनेर कोही उम्मेदवार आएनन्’

**मधु शाही/काठमाडौं**

बाग्लुङ नगरपालिका–७ की सीता किसानको घरमा अनेक थरी वाचा गर्दै मत माग्ने धेरै उम्मेदवार आए । हातमा पर्चा थमाउँदै, नमस्कार गर्दै थुप्रै पार्टीका उम्मेदवारमध्ये कसैले रोजगारी दिन्छु भने, कसैले विकासका वाचा पनि गरे । सीताको समस्या भने अर्कै छ, जातीय पहिचनकै कारण उहाँको घरमा भएको दुहुनु भैँसीको दुध बिक्दैन । त्यसैले उहाँ आफूले पालेको भैँसीको दुध मात्रै बेच्न पाएँ घरमै बसेर दुई चार रूपैयाँ आम्दानी हुने चाहना राख्नुहुन्छ, तर कसैले पनि सीताको यो चाहना बुझ्ने प्रयास गरेका छैनन् ।




उहाँ भन्नुहुन्छ, “यसो गर्छु उसो गर्छु भन्दै भोट माग्न आउछन्, तर हामीले पालेको भैँसीको दुध बिक्री गर्ने वातावरण बनाउँछौं भनेर कोही उम्मेदवार आएका छैनन् । गाउँघरमै बसेर दुध मात्रै बिक्री गर्न पाए, रोजगार यसै हुने थियो । अरू ठूलाठूला कुरा गर्छन् विभेद हटाउने र दलितलाई सम्मानपूर्वक स्वरोजगार बनाउन कसैले ध्यान दिँदैनन, यो दुःखद् कुरा छ !”

दलित समुदाय भएकै कारण आफूले पालेको भैसीको दुध नजिकैको सहकारी डेरीले समेत लिन नमानेको बागलुङग गाउपालिकाका दलित समुदायको गुनासो छ । वर्षौंदेखिको यो समस्या अझै सुल्झिएको छैन । सीताको एउटा भैँसी जेठमा दुहुनो हुँदैछ । “त्यो भैँसीले दैनिक करिब सातदेखि आठ लिटर दुध दिन्छ, तर दुध बिक्दैन । गाउँमै रहेको सहकारी डेरीले पनि संकलन गर्न मान्दैन। त्यो दुध बिक्री नहुँदा घरमै मोइही पारेरै खेर जाने गरेको छ”, उहाँले भन्नुभयो, “बेलाबखत सहकारीमा दुध संकलन गर्नुपर्ने आवाज उठाउँछौं, तर सुनुवाइ हुँदैन ।”

बागलुङ नगरपालिका–७ का जनप्रतिनिधि पुतली किसान दलित समुदायले गाउँमै आत्मसम्मानका साथ दुध बिक्री गर्न पाउने अवस्था अझै पनि सिर्जना हुन नसकेको स्वीकार्नुहुन्छ । जतिसुकै राजनीतिक परिवर्तन आए पनि बागलुङ नगरपालिकाका दलित समुदायले रूपान्तरणको आभास गर्न नपाएको उहाँको गुनासो छ । “लामो समयदेखि दलितले दुध बेच्न पाउनुपर्ने आवाज उठाउदै आएका छौं, तर गणतन्त्र आएको लामो समय भइसक्दा पनि विभेद हटेको छैन”, पुतलीले भन्नुभयो, “सहकारीले पनि विभिन्न बाहाना देखाएर दुध संकलन गर्न मानेको छैन ।”

उहाँका अनुसार नगरपालिकामा करिब पाँच सय दलित परिवारले गाईभैँसी पालन गरेर जीविकोपार्जन गर्नुपर्ने स्थिति छ, तर व्यक्तिले मात्रै होइन यहाँस्थित सहकारीले नै दुध लिन नमानेपछि समस्या भइरहेको छ ।

प्रत्येक निर्वाचनमा मतमाग्न आउने उम्मेदवारले ठूला सपना देखाउँछन् । दलित समुदायलाई सजिलै आत्मनिर्भर बनाउने दुधको बजार सुनिश्चितताबारे भने कसैले चासो नदिएको धेरैको गुनासो छ। “यहाँ कालिमाटी दुग्ध सहकारी संस्थाले दुध संकलन गर्दै आएको छ । दलित समुदायबाट पनि दुध संककलनका लागि लामो समयदेखि माग राख्दै आएका छौं, तर सुनुवाई हुँदैन”, वडा सदस्य पुतलीले भन्नुभयो, “यसले दलित समुदायको आयआर्जनको बाटो नै अवरूद्ध छ। त्योभन्दा बढी हाम्रो स्वाभिमानमाथि प्रहार भएको छ । दलहरूले हरेक व्यक्तिलाई सम्झाउन नसके पनि सरकारको नीति नियमअनुसार स्थापित संस्थालाई त मनाउन सक्छन् नि! तर ध्यान गएको छैन।”

बागलुङमा जस्तै पाल्पाका दलित समुदायले पनि दुध उत्पादन बिक्री गर्न विभेद खेप्दै आएका छन् । तानसने नगरपालिका–१४ स्थित अर्गलीका दलित समुदाय विभेदकै कारण जीवीकोपार्जन गर्ने अधिकार कार्यान्वयन नभएको गुनासो गर्छन्। स्थानीय श्यामबहादुर कामीले उमेरको अधिकांश समय भारतमा मजदुरी गरेर फर्किएपछि तीन वर्षयता स्वदेशमै आयआर्जनको बाटो खोज्ने मनसायसाथ भैँसीपालन सुरू गरे पनि दुध नबिक्दा समस्या भोगेको गुनासो गर्नुभयो ।

गाउँमा अरू समुदायले पालन गरेको गाईभैँसीको दुध सहजै बिक्री हुने गरे पनि आफूले उत्पादन गरेको दुध भने दलित भएकै कारण बिक्रीवितरणमा समस्या रहेको उहाँको भनाइ छ। कामीले भन्नुभयो, “यो कुरा स्वरोजगार वा आत्मनिर्भर हुने विषयसँग मात्रै जोडिएको छैन, हाम्रो आत्मसम्मानको विषय पनि हो । स्थानीयस्तरमा सहकारीमार्फत सञ्चालन भएका डेरीले हाकाहाकी छुट्टै कन्टेनरमा दुध संकलन गर्छौं भनेर टार्छन् । दुध दिने भए छुट्टै भाँडामा राख भन्छन्, यो पनि अर्को प्रकारको विभेद नै त हो नि !”

सोही गाउँकी गीता बर्मेल यहाँका दलित समुदायले वर्षौंदेखि भोग्दै आएको यो विभेद अन्त्यका लागि कसैले ध्यान नदिएको गुनासो गर्नुहुन्छ । “यो समस्या स्थानीय नेताहरूलाई थाहा नभएको पनि होइन, तर समाधानका लागि कसैले पहल गर्दैनन् । निर्वाचनमा पनि यस्ता विषयलाई मुद्दा नबनाउँदा थप निरास बनाएको छ”, उहाँले भन्नुभयो, “हामीमाथि अनेक तरिकाले विभेद गरिन्छ, अनि फेरि भोट माग्न आउछन् नेताहरू । के आधारमा भोट दिने?”

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई दलितमैत्री बनाउने उद्देश्यले यसपटक ‘दलितमैत्री

*बाँकी तेश्रो पेजमा*

# तनहुँ-१ मा जित्ने पर्ने दबाबमा भट्टराई

**भञ्ज्याङ समाचारदाता/दमौली**

रामचन्द्र पौडेलको राजनीतिक विरासत र केन्द्रीय तहका नेताहरूको उर्वर भूमिका रूपमा चिनिने तनहुँ-१ यतिबेला देशैभरको राजनीतिक चासोको केन्द्र बनेको छ। यही फागुन २१ गते हुने उपनिर्वाचनका लागि नेपाली कांग्रेस, नेकपा (एमाले) र राष्ट्रिय स्वतन्त्र पार्टी बीच रोचक त्रिपक्षीय प्रतिस्पर्धा देखिए पनि स्थानीय स्तरमा भिजेका भट्टराईको चर्चाले नयाँ उचाइ लिएको छ ।

वि.सं. २०५३ सालमा नेपाल विद्यार्थी संघको केन्द्रीय अध्यक्ष



भएर देशभरका विद्यार्थीको सफल नेतृत्व गरेका भट्टराई बाल्यकालदेखि नै लोकतन्त्र र जनअधिकारका लागि समर्पित व्यक्तित्वका रूपमा चिनिन्छन्। नेविसंघको दुई कार्यकाल नेतृत्व सम्हाल्दा उनले “सर्टिफिकेट धितो राखेर ऋण लिन पाउने” व्यवस्थाका लागि गरेको आन्दोलन र भ्रष्टाचारविरूद्धको अभियानले उनलाई सुशासनका पक्षधर नेताका रूपमा स्थापित गरेको समर्थकहरूको दाबी छ।

दशकौं लामो राजनीतिक यात्रामा एकपटक पनि लाभको पद नलिई निरन्तर सामाजिक कार्यक्रमा सक्रिय रहेका र निष्ठाको राजनीति गर्नु नै उनको सबैभन्दा ठूलो पुँजी मानिएको छ । विशेषगरी तनहुँमा खानेपानीको समस्या समाधानमा भट्टराईले खेलेको भूमिकालाई उनको मुख्य उपलब्धिका रूपमा चर्चा गरिएको छ ।

भट्टराईको विकास अभियानले ग्रामीण जीवनमा प्रत्यक्ष परिवर्तन ल्याएको स्थानीय बासिन्दाको भनाइ छ। बन्दीपुर–५ भुजेल गाउँकी तारामाया भुजेलले स्वास्थ्य, शिक्षा र सडक पूर्वाधार निर्माणमा उनले सहयोग पुऱ्याएको स्मरण गर्छिन्।

राजनीतिक समीकरणका हिसाबले पनि यसपटक भट्टराईको अवस्था बलियो देखिएको कांग्रेस नेताहरूको दाबी छ। अघिल्लो उपनिर्वाचनमा रास्वपालाई सघाएको जोशी समूहले यसपटक छुट्टै उम्मेदवारी दिएपछि विपक्षी मत विभाजित हुने अनुमान गरिएको छ। नेपाली कांग्रेस तनहुँ क्षेत्र नम्बर १ का सभापति श्यामकुमार मौरतीका अनुसार कांग्रेसको स्थिर मत र भट्टराईको व्यक्तिगत लोकप्रियता जितको आधार बन्ने अपेक्षा गरिएको छ। समग्रमा, यो निर्वाचन भट्टराईका लागि केवल एक पद प्राप्तिको प्रतिस्पर्धा मात्र नभई तनहुँमा विकास र निष्ठाको राजनीतिलाई स्थापित गर्ने अवसरका रूपमा हेरिएको समर्थकहरू बताउँछन्।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# रंगको पर्व फागुपूर्णिमा

नेपालको सांस्कृतिक जीवनमा वर्षभरि मनाइने पर्वहरूमध्ये फागुपूर्णिमा विशेष उत्साह र उमंगका साथ मनाइने पर्व हो। फागुन शुक्लपूर्णिमाका दिन मनाइने यो पर्व केवल रंग खेल्ने रमाइलो अवसर मात्र नभई धार्मिक आस्था, सामाजिक सद्भाव र सांस्कृतिक एकताको प्रतीकका रूपमा स्थापित छ। गाउँदेखि शहरसम्म, बालबालिकादेखि वृद्धसम्म सबै उमेर समूहका मानिसलाई एउटै भावनामा बाँध्ने यो पर्व नेपाली समाजको साझा सांस्कृतिक पहिचान बनेको छ । फागुपूर्णिमा रंग, उल्लास र उत्सवको पर्व मात्र होइन, मानव जीवनका नैतिक मूल्यहरूसँग जोडिएको पर्व पनि हो। धार्मिक मान्यताअनुसार भगवान विष्णुका परम भक्त प्रह्लादमाथि गरिएको अत्याचार र त्यसको अन्त्यसँग जोडिएको कथाले यो पर्वलाई विशेष महत्त्व दिएको छ। असुर राजा हिरण्यकशिपुले आफ्नो छोरा प्रह्लादलाई धर्ममार्गबाट हटाउन खोज्दा सत्य र आस्थाले अन्ततः विजय प्राप्त गरेको विश्वास गरिन्छ। होलिका दहनको प्रसंगले अधर्ममाथि धर्म र असत्यमाथि सत्यको विजयलाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्दछ। यही कारणले फागुपूर्णिमालाई धार्मिक दृष्टिले पवित्र र प्रेरणादायी पर्वका रूपमा लिइन्छ।

सांस्कृतिक दृष्टिले हेर्दा फागुपूर्णिमा सामाजिक सम्बन्धलाई नवीकरण गर्ने अवसर हो। वर्षभरि देखापर्ने सामाजिक दूरी, व्यक्तिगत मनमुटाव र द्वन्द्वलाई बिर्सेर एकअर्कासँग रंग खेल्दै मेलमिलाप गर्ने परम्पराले नेपाली समाजमा सद्भाव र सहिष्णुता बढाएको छ। यस पर्वले मानिसलाई समानताको भावनामा जोड्छ, जहाँ जात, वर्ग, उमेर र आर्थिक अवस्थाका भिन्नता गौण हुन्छन्। सामाजिक समरसताको यस्तो सन्देश दिने पर्वहरु आधुनिक समाजमा झन् महत्त्वपूर्ण बन्दै गएका छन् । तर समयको परिवर्तनसँगै फागुपूर्णिमाको स्वरूपमा केही चिन्ताजनक विकृतिहरु देखिन थालेका छन्। परम्परागत रूपमा फूल, पात र प्राकृतिक वस्तुबाट बनाइने रंगको प्रयोग हुने यो पर्व अहिले रासायनिक पदार्थ मिसाइएका रंगहरूतर्फ मोडिएको छ। बजारमा सजिलै पाइने कृत्रिम रंगहरु सस्तो र आकर्षक देखिए पनि स्वास्थ्यका दृष्टिले जोखिमपूर्ण छन्। छालामा एलर्जी, आँखामा संक्रमण र श्वासप्रश्वाससम्बन्धी समस्या जस्ता असरहरु देखिने गरेका छन्। पर्वको उल्लास स्वास्थ्य जोखिममा परिणत हुनु दुःखद कुरा हो ।

अर्को चिन्ताको विषय भनेको पर्व मनाउने शैलीमा देखिएको असभ्यता हो। रंग खेल्ने नाममा जबर्जस्ती गर्ने, पानीका फोहोराहरु प्रयोग गर्ने, सडकमा हुलदंगा गर्ने र मदिराको अत्यधिक सेवन गर्ने प्रवृत्तिले पर्वको गरिमा घटाउँदै लगेको छ। फागुपूर्णिमा स्वतन्त्रता र उल्लासको पर्व अवश्य हो, तर त्यो स्वतन्त्रता अरूको असुविधा र पीडाको कारण बन्नु हुँदैन। पर्व मनाउने क्रममा अरूको अधिकार र सम्मानको ख्याल राख्नु सभ्य समाजको आधारभूत शर्त हो । आजको आवश्यकता भनेको फागुपूर्णिमालाई सुरक्षित, सभ्य र अर्थपूर्ण रूपमा मनाउने संस्कार विकास गर्नु हो। प्राकृतिक रंगहरूको प्रयोगलाई प्रोत्साहन गर्ने अभियान चलाउनु आवश्यक छ। बेसार, पालुङ्गो, पलाँस, फूल र अन्य वनस्पतिबाट बनाइने रंगहरु स्वास्थ्यका लागि सुरक्षित मात्र होइन, वातावरणमैत्री पनि हुन्छन्। यस्ता प्राकृतिक रंगको प्रयोगले हाम्रो परम्परागत ज्ञानलाई जोगाउनुका साथै आधुनिक स्वास्थ्य चेतनासँग पनि तालमेल मिलाउँछ।

फागुपूर्णिमाको मूल भावना प्रेम, सद्भाव र एकता हो। यदि हामी केवल रंग खेल्ने बाह्य पक्षमा मात्र केन्द्रित भयौं भने यसको गहिरो सन्देश हराउने खतरा रहन्छ। यो पर्वले मानिसलाई नयाँ सुरूवातको अवसर दिन्छ– पुराना रिसराग बिर्सेर नयाँ सम्बन्ध निर्माण गर्ने अवसर। समाजमा बढ्दो विभाजन र असहिष्णुताको समयमा यस्तो पर्वको सन्देश झन् सान्दर्भिक बनेको छ। पर्व मनाउने क्रममा परिवार, विद्यालय, सामाजिक संस्था र स्थानीय निकायको भूमिका पनि महत्त्वपूर्ण हुन्छ। बालबालिकालाई सानैदेखि सुरक्षित र सभ्य तरिकाले पर्व मनाउने संस्कार सिकाउनुपर्छ। समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरेर रासायनिक रंगको प्रयोग घटाउने प्रयास गर्न सकिन्छ। स्थानीय तहले पनि सुरक्षित पर्व मनाउन आवश्यक निर्देशन र व्यवस्थापन गर्न सक्छन्। फागुपूर्णिमा हाम्रो सांस्कृतिक धरोहर हो। यसलाई जोगाउनु भनेको हाम्रो पहिचान जोगाउनु हो। आधुनिकताको नाममा पर्वको मौलिकता हराउँदै जानु राम्रो संकेत होइन। परम्परालाई समयअनुकूल बनाउनु आवश्यक भए पनि त्यसको मूल आत्मालाई नष्ट गर्नु हुँदैन। फागुपूर्णिमा रंगको उत्सव मात्र होइन, सामाजिक एकता र मानवीय मूल्यहरूको उत्सव हो। यस पर्वलाई सुरक्षित, सभ्य र अर्थपूर्ण रूपमा मनाउन सके मात्र यसको वास्तविक महत्त्व जोगिन सक्छ। रासायनिक रंगको प्रयोग घटाउने, प्राकृतिक रंगलाई प्रोत्साहन गर्ने र पर्वको मूल सन्देशलाई जीवनमा उतार्ने हो भने फागुपूर्णिमा साँच्चिकै प्रेम, सद्भाव र समृद्धिको पर्व बन्नेछ। यही चेतनाका साथ मनाइने फागुपूर्णिमाले मात्र हाम्रो संस्कृति जीवन्त राख्न सक्छ र भावी पुस्तालाई स्वस्थ तथा उज्ज्वल परम्परा हस्तान्तरण गर्न सकिनेछ । सबैमा फागुपूर्णिमाको शुभकामना ।

# आसन्न निर्वाचन : डिजिटल युगमा लोकतन्त्रको परीक्षण

कुनै ठूलै बिघ्नबाधा उत्पन्न नभए नेपाली मतदातताले प्रतिनिधिसभा सदस्यको चुनाव गर्न आजको चौथौँ दिन अर्थात् २०८२ फागुन २१ गते बिहीबार मतदान गर्नेछन् । निर्वाचन आयोगले शुक्रबार (फागुन १४) पत्रकार सम्मेलनमार्फत निर्वाचन सुनिश्चितताबारे सबै सरोकारवालालाई आश्वस्त बनाउने प्रयत्न गरेको छ । आयोगले उम्मेदवार मनोनयनको प्रक्रिया सम्पन्न गरेर पछिल्लो समयमा कानुनी प्रक्रियाका आधारमा आचारसंहिता लागू गर्ने र मतदाता शिक्षालगायत कार्य गर्दैछ। यो निकै सकारात्मक छ । यति हुँदाहुँदै पनि सम्भावित चुनौतीबारे सबैले सचेत रहनु जरूरी छ ।

समयसँगै भित्रिएको प्रविधिगत विकासले निम्त्याएको/निम्तिएको चुनौती त्यस्तै एक होभन्दा अन्यथा नठहरिएला । प्रविधिगत चुनौतीको कुरा गर्दा सर्वाधिक प्रमुख छ सञ्चार प्रविधि क्षेत्रको चुनौती । प्रविधिगत विकासका आयामलाई प्रत्येक अवस्थामा चुनौती मानिनु हुँदैन, होइन पनि । तर गर्ने निर्वाचन लोकतन्त्रको सुदृढीकरणका लागि एक महत्वपूर्ण आधार हो ।

माथि पनि चर्चा गरियो, यसपटकको निर्वाचनका सन्दर्भमा सूचना प्रविधिको विकास एक बलियो चुनौतीका रूपमा उपस्थित भएको छ। यसपटकको निर्वाचनमा परम्परागत प्रचारप्रसारसँगै डिजिटल प्लेटफर्म र अनलाइन स्पेसको प्रयोग अत्यधिक बढेको छ । यही बढ्दो डिजिटल प्रयोगसँगै केही गम्भीर चुनौती पनि सतहमा देखिएका छन् । जतिजति चुनाव नजिकिँदैछ, आफ्नै स्वार्थका लागि अरूको बदनाम गर्ने प्रवृत्ति पनि बढ्दो छ। यस कार्यमा सूचना प्रविधिको प्रयोग गरिँदैछ र डिजिटल स्पेसलाई माध्यम बनाइँदैछ । फेक खबर, डिपफेक भिडियो, घृणा फैलाउने सामग्री अहिले कुनै पनि मतदाताका मोबाइलमै आइपुग्न सक्छन्। मतदातासामु भावनामा बगेर नझुक्किने चुनौतीको सामाना गर्ने बाध्यात्मक अवस्था आइपर्न सक्छ । विचारणीय छ, आफ्नो गलत सूचनामा आधारित विश्लेषण प्रस्तुत गरेर मतदातालाई आफ्नो स्वार्थ अनुकूल प्रभावित गर्ने उद्देश्य राख्दछ भने निश्चय पनि त्यो गलत हो ।

डिजिटल स्पेसले विगतको निर्वाचन प्रचारको शैलीलाई नै परिवर्तन गरेको छ। वर्तमानको डिजिटेल स्पेसले विगतका निर्वाचनमा प्रयोग हुने गरेको पर्चा, पोस्टर–पम्प्लेटको स्थान, स्वरुप र शैलीमा परिवर्तन गरेको छ। यी सबै कार्य अहिले डिजिटल प्लेटफर्ममार्फत हुन थालेका छन् ।

यस्तै विगतको भित्तेलेखनले पनि कुनै न कुनै रूपमा डिजिटल स्पेसमा स्थान सुरक्षित गरेको छभन्दा अन्यथा ठहर्दैन । विगतमा घरदैलो कार्यक्रम, आमसभा, सञ्चारमाध्यम मुख्य प्रचार माध्यम हुन्थे भने अहिले सामाजिक सञ्जाल, अनलाइन न्यूज पोर्टल, भिडियो प्लेटफर्म, म्यासेजिङ एप र एआई प्रविधिको प्रयोगले प्रचारको स्वरूप नै परिवर्तन गरिदिएको छ। कसैको पनि असहमति नहोला, वर्तमानमा फेसबुक,



> निर्वाचन लोकतन्त्रलाई थप मजबुत बनाउने, सामाजिक सद्भाव र वैचारिक सहअस्तित्वलाई गहिरो बनाउने अवसर पनि हो । आसन्न निर्वाचनका माध्यमबाट निषेध र अराजक सोचलाई विस्थापित गर्दै कानुनको शासन र सुशासनका पक्षमा नयाँ, जिम्मेवार सोचको उदय हुनुपर्छ र यसका लागि मतदाताको विवेकपूर्ण निर्णय अत्यन्तै महत्वपूर्ण हुन्छ । निश्चय पनि आसन्न चुनाव सचेत नागरिकको निर्णयले ऐतिहासिक बन्न सक्नुपर्छ ।

**धर्मेन्द्र झा**

टिकटक, युट्युब, एक्स (ट्विटर) जस्ता प्लेटफर्महरु राजनीतिक बहस र प्रचारका प्रमुख माध्यम बनेका छन् । आसन्न निर्वाचन पनि अपवाद बन्ने कुरा भएन । उम्मेदवार र दलहरूले मतदातासम्म छिटो र प्रत्यक्ष रूपमा पुग्न डिजिटल माध्यमलाई प्राथमिकता दिएका छन् । यसले सूचना पहुँच सहज बनाएको छ र युवापुस्ताको सहभागिता पनि बढाएको मान्न सकिएला तर यसै उपक्रममा अनेक जटिलता पनि थपिएका छन्। सकारात्मक पक्षसँगै नकारात्मक पक्ष पनि उत्तिकै देखिन थालेका छन् ।

डिजिटल स्पेसमा मिथ्या सूचना, दुराशययुक्त सूचना र अफवाहहरूको बाढी आएको छ । कतिपय अवस्थामा झुटा भिडियो, फोटो सम्पादन, एआईमार्फत बनाइएका नक्कली आवाज, भ्रामक तथ्याङ्क आदिको प्रयोग गरी मतदातालाई भ्रमित पार्ने प्रयास भइरहेको देखिन्छ । यसले आममतदाताको मनोविज्ञानमा प्रभाव पार्छ, उनीहरूलाई अन्योलमा पार्छ र गलत निर्णय लिन प्रेरित गर्न सक्छ । माथि पनि चर्चा गरियो उचित निर्णयको अभावमा समग्र लोकतन्त्र नै प्रभावित हुनसक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन। निर्वाचन आयोग यस सम्भावनाप्रति सचेत छ र आवश्यक पहल यिनको प्रयोग कुनै पनि व्यक्ति वा समूहले आफ्ना नीहित स्वार्थलाई सर्वोपरि मानेर अरूलाई नकारात्मक असर पर्नेगरी प्रयोग गर्ने मनसाय राख्छ वा प्रयोग गर्छ भने त्यसले निश्चित रूपमा चुनौती निम्त्याउँछ। यस अवस्थाबाट अर्थात् यस्तो चुनौतीबाट आसन्न निर्वाचनको प्रक्रिया पनि प्रभावित छैन वा हुँदैन भनेर भन्न सकिने अवस्था नरहन सक्छ। प्रविधिको सदुपयोगले मानव जीवनलाई सहज र सुविधासम्पन्न बनाउँछ भन्ने अपेक्षा र विश्वास गरिन्छ तर यो कुरा निश्चय पनि यसको प्रयोगको विधि र नियतमा भरपर्छ ।

निर्वाचन लोकतन्त्रलाई थप मजबुत बनाउने, सामाजिक सद्भाव र वैचारिक सहअस्तित्वलाई गहिरो बनाउने अवसर पनि हो । आसन्न निर्वाचनका माध्यमबाट निषेध र अराजक सोचलाई विस्थापित गर्दै कानुनको शासन र सुशासनका पक्षमा नयाँ, जिम्मेवार सोचको उदय हुनुपर्छ र यसका लागि मतदाताको विवेकपूर्ण निर्णय अत्यन्तै महत्वपूर्ण हुन्छ । निश्चय पनि आसन्न चुनाव सचेत नागरिकको निर्णयले ऐतिहासिक बन्न सक्नुपर्छ । हामी सबैलाई जानकारी छ, प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा राजनीतिक गतिविधि तीव्र बन्दै गएका छन् । नागरिकलाई आफ्ना प्रतिनिधि छान्ने संवैधानिक अधिकार प्रदान मोबाइलसम्म अनपेक्षित, अनिच्छित र अवाञ्छित रूपमा आइपुगेका सूचनालाई पुष्टि गरेर मात्र प्रयोग गर्ने वा नगर्ने अतिरिक्त मानसिक दबावमा छन् मतदाता।

आजका मतदाता कुनै पनि सूचनामाथि त्यतिकै सरल र सहज रूपमा विश्वास गरिहाल्नसक्ने अवस्थामा छैनन्भन्दा असत्य ठहर्दैन । निश्चय पनि अप्रमाणित कुराका आधारमा धारणा बनाउनु उचित हुँदैन । इन्टरनेटमा आधारित माध्यमको प्रयोग गरेर स्वार्थ समूहले फैलाएको 'प्रोपोगण्डा'को उपस्थितिमा मतदाता दिग्भ्रमति हुनसक्ने अवस्थामा छन् र उनीहरू उचित निर्णय लिने क्रममा अत्यन्तै सकसपूर्ण अवस्थाको सामाना गर्न बाध्य छन् । मतदाताले सचेत अवस्थामा उचित निर्णय गर्न नसकेको अवस्थामा गलत सूचनाले हाम्रो लोकतन्त्रलाई नै भ्रमित बनाउन सक्छ ।

प्रविधिको प्रयोग नराम्रो होइन तर दुरूपयोग भने नराम्रो हो । यो आलेख तयार गर्ने सन्दर्भमा पनि एआई (कृत्रिम बौद्धिकता)लगायतका सूचना प्रविधिसम्बद्ध संयन्त्रहरूको सहयोग लिने प्रयत्न गरिएको छ । केही प्रश्न सोधेर उत्तर खोज्ने र सही विश्लेषण्को प्रयत्न भएको छ । उद्देश्य आममतदाताको हित रक्षा हो । यसलाई नकारात्मक मान्न नसकिएला, तर यही संयन्त्रलाई प्रयोग गरेर कसैले

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
आश्वस्त भएर अघि बढ्ने समय छ, पारिवारिक सहयोग मिल्नेछ। धनलाभको संकेत छ ।

**वृष**
मनमा नयाँ योजनाहरु बनाउन सकिनेछ। केही खानपिनमा परिवर्तन गरे स्वास्थ्यमा सुधार हुनेछ ।

**मिथुन**
संचार र सामाजिक क्षेत्र सक्रिय रहनेछ। सोसल मिडिया वा नेटवर्किङबाट केही फाइदा मिल्नेछ।

**कर्कट**
घर परिवारमा खुसीको वातावरण बनाउने कार्य हुनेछ। आर्थिक मामिलामा पनि स्थिति बलियो रहनेछ।

**सिंह**
वित्तीय रूपमा महत्वपूर्ण निर्णय लिन सकिने समय छ। व्यवसाय वा लगानीमा सोच–विचारपूर्वक अघि बढ्नुहोस्।

**कन्य**
काम–व्यापारमा सृजनशीलता र दक्षता देखिइ रहनेछ। सहकर्मी वा साझेदारसँग मिलेर अघि बढ्नाले विशेष फल दिन सक्छ।

**तुला**
सन्तुलन र सौन्दर्यप्रेमका लागि राम्रो दिन । रचनात्मक काममा रुचि जग्न सक्छ। व्यक्तिगत सम्बन्धहरु सुमधुर हुनेछ।

**वृश्चिक**
गोप्य योजना वा इन्टरनल सोच–विचार गर्न चाहना बढ्न सक्छ। गहिराइमा गएर अध्ययन वा अनुसन्धानमा समय दिनुपर्ला।

यात्रा, समाज–सम्बन्ध, वा ज्ञान–शिक्षासँग सम्बन्धित शुभ संकेत आइरहेका छन्। किनभने चर्चा–मिलन हुनेछ।

**मकर**
कार्य क्षेत्रमा स्थिरता देखिन्छ। जिम्मेवारी बढ्न सक्छ तर तपाईँ सक्षम हुनुभयो भने फलदायी पनि हुनेछ।

**कुम्भ**
नयाँ साथी वा मन पर्ने मानिसको भेट सुखद हुनेछ। मनमा नयाँ योजनाहरु बनाउन सकिनेछ।

**मीन**
आध्यात्मिक दृष्टिले बलिलो दिन छ। ध्यान–धारणा र सृजनात्मक काममा समय दिँदा आध्यात्मिक शान्ति मिल्नेछ।

# आसन्न निर्वाचन : डिजिटल ......

गरिरहेको छ तर आयोग मात्रैको प्रयासले यो कार्यमा सायद पूर्णत: सफलता प्राप्त गर्न कठिन हुन सक्छ। सबैको सहयोग अपेक्षित छ ।

एल्गोरिदमद्वारा सिर्जित हुने 'इको चेम्बर' डिजिटल प्लेटफर्मको अर्को चुनौती हो। सामाजिक सञ्जालले प्रयोगकर्तालाई उनीहरूले रूचाएका वा पहिले हेरेका वा प्रयोग गरेका जस्तै सामग्री बारम्बार देखाउँछ । यसले व्यक्ति एउटै विचारधारामा सीमित हुने र फरक दृष्टिकोण सुन्न नचाहने अवस्था सिर्जना गर्छ। यस अवस्थामा स्वस्थ बहस र सहिष्णु संवादको संस्कृति कमजोर हुनसक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन । मतदाताले बहुआयामिक सूचना पाउन नसक्दा स्वतन्त्र निर्णय गर्ने क्षमतामा असर पर्न सक्छ ।

आयोगका अनुसार शुक्रबारसम्म स्वच्छ निर्वाचन प्रभावित पार्ने उद्देश्यले निर्माण गरिएका ६१२ वटा 'टक्सिक सूचना सामग्री'लाई कारबाही गरिएको छ । आयोगका अनुसार विभिन्न नियामक निकायसँगको समन्वयमा त्यस्ता 'टक्सिक सूचना सामग्री'लाई कारबाही गरिएको हो । आयोगको कारबाहीमा परेका त्यस्ता 'टक्सिक सूचना सामग्री'मध्ये ५४ प्रतिशत एआई निर्मित छन्। यस सन्दर्भमा एउटा कुरा मननीय छ, त्यो के भने कारबाही गरिएका उक्त परिमाणका 'टक्सिक' सूचना सामग्री निर्वाचन आचारसंहिता लागू भएपछिका दिनका हुन् । निर्वाचन त तिथि घोषित भएकै मितिदेखि दल, उम्मेदवार र मतदातालाई लागिसकेको पृष्टभूमिमा यस्ता मिथ्या सूचना कति प्रवाहित भएका होलान्? निश्चय पनि यकीन गर्न सकिँदैन ।

यतिमात्र होइन, डिजिटल स्पेस असुरक्षित बन्दै गएको आँकलन गरिएको छ। जानकारहरूका अनुसार व्यक्तिगत डाटा चोरी, गोपनीयता उल्लङ्घन, ट्रोलिङ, साइबर दुर्व्यवहार र घृणात्मक अभिव्यक्तिजस्ता समस्या पछिल्ला समयमा बढेका छन् । यस्तोमा यी समस्याको उपस्थितिमा राजनीतिक प्रतिस्पर्धा तीव्र हुँदा अनलाइन आक्रमण र चरित्र हत्या गर्ने प्रवृत्ति बढ्न सक्छ । यस्तो वातावरणमा आममतदाताले मानसिक दबाब महसुस गर्न सक्छन् । लगातार नकारात्मक सन्देश, उत्तेजक सामग्री र भय पैदा गर्ने सूचनाले तनाव र असुरक्षा बढाउनु स्वाभाविक हो । अहिलेको अवस्थामा यो प्रवृत्ति हाबी हुन खोजेको छ भन्नु असङ्गत हुँदैन। भोलि १८ गतदेखि मौन अवधि सुरू हुँदैछ । यस अवधिमा परिचित वा अपरिचित डोमेनबाट डिजिटल स्पेसमार्फत हस्तक्षेप बढाउने प्रयास हुनसक्छ। अत: यस अवधिमा डिजिटल स्पेसको अनुगमन अझै सावधानी अपनाउनु अपरिहार्य छ ।

एआइ प्रविधि स्वयंमा सकारात्मक सम्भावना बोकेको साधन हो। यसलाई मतदाता शिक्षा, तथ्य परीक्षण, सूचना विश्लेषण र पारदर्शिता बढाउन प्रयोग गर्न सकिन्छ । तर हाल एआईको नकारात्मक प्रयोग बढी हुन थालेको आशङ्का छ। उदाहरणका लागि, एआईमार्फत नक्कली भिडियो वा अडियो बनाएर उम्मेदवारको छवि बिगार्ने प्रयास, गलत उद्धरण फैलाउने वा सामाजिक विभाजन बढाउने सामग्री उत्पादन गर्नेजस्ता गतिविधि हुन सक्छन् । निश्चय पनि यसबाट लोकतान्त्रिक प्रक्रियामा प्रत्यक्ष असर पर्न सक्छ।

लोकतन्त्रको मूल आत्मा भनेको स्वतन्त्र, सूचित र विवेकी मतदाताको निर्णय हो । मतदाता भ्रमित भए, मानसिक दबाबमा परे वा गलत सूचनाबाट प्रभावित भए भने निर्वाचनको निष्पक्षता र विश्वसनीयता कमजोर हुन सक्छ। त्यसैले डिजिटल स्पेसमा फैलिने मिथ्या तथा दुराशययुक्त सूचनालाई नियन्त्रण गर्नु आवश्यक छ। यसका लागि राज्य, राजनीतिक दल, सञ्चारमाध्यम, प्रविधि कम्पनी र नागरिक सबैको साझा जिम्मेवारी हुन्छ ।

सारमा, यो अवस्था रोकिनु आवश्यक छ । निर्वाचन केबल राजनीतिक प्रतिस्पर्धा मात्र होइन, लोकतन्त्रको आधारशिला हो । स्वतन्त्र चिन्तन र निर्णय गर्ने मतदाताको अधिकारको सुरक्षा गर्नु राज्यको दायित्व हो । डिजिटल प्रविधि लोकतन्त्रलाई सशक्त बनाउने माध्यम बन्नुपर्छ, कमजोर पार्ने हतियार होइन। यसको सकारात्मक प्रयोगलाई प्रोत्साहन गर्दै नकारात्मक दुरूपयोगलाई नियन्त्रण गर्न सकिएमा मात्र निर्वाचन प्रक्रिया स्वच्छ, निष्पक्ष र विश्वसनीय बन्न सक्छ, यसमा विमति हुन सक्दैन। यस्तोमा प्रतिनिधिसभा निर्वाचन केबल प्रतिनिधि चयन गर्ने अवसर मात्र होइन, डिजिटल युगमा लोकतन्त्रको परीक्षण गर्ने औजार पनि हो। डिजिटल स्पेसलाई सुरक्षित, विश्वसनीय र जिम्मेवार बनाउन सकियो भने मतदाताको स्वतन्त्रता सुरक्षित रहन्छ र लोकतन्त्र अझ सुदृढ बन्ने सुनिश्चित हुन्छ । (लेखक राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष हुनुहुन्छ)

## मिलुङ पोलिक्लिनिक प्रा.लि.

व्यास नगरपालिका-२, दमौली तनहुँ

फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

bhanjyangnews.com

# 'विभेद हटाउँछु भनेर ........

निर्वाचन राष्ट्रिय अभियान' पनि सञ्चालन गरिएको छ। अभियानका अभियन्ता सुशील विक पाल्पा र बागलुङमा मात्र नभई देशका अधिकांश स्थानमा यस्तै समस्या रहेको बताउनुहुन्छ । "संविधानमा विभेदविरूद्ध गरिएका व्यवस्था कार्यान्वयन भएका छैनन् । यसमा मुख्य भूमिका खेल्नुपर्ने दलहरु नै गम्भीर छैनन्", उहाँले भन्नुभयो, "त्यसैले यसपटक विभेद गर्ने उम्मेदवार र पार्टीलाई 'नो भोट' अभियान नै सञ्चालन गरेका छौं ।"

अभियन्ता विकले अब सबै राजनीतिक दल तथा सरोकार भएकाहरु जुनसुकै नाममा हुने विभेदविरूद्ध निर्मम हुनुपर्ने बताउनुभयो । "जहाँ, जुनसुकै नाममा विभेद भए पनि त्यहाँका राजनीतिक पार्टी र उम्मेदवार जवाफदेही र संवेदशील हुनुपर्छ । घोषणापत्रमा मात्रै विभेद हटेर हुँदैन, व्यवहारमा नै हटाउन लाग्नुपर्छ ।" रासस

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।
Email : bhanjyangdml@gmail.com









जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




## निर्माणाधिन पुल

मुग्लिन-पोखरा सडक विस्तार योजनाको पूर्वी खण्ड (आँबुखैरेनी-जामुने)को दमौलस्थित मादी नदीमा निर्माणाधिन चार लेनको पुल । योजनाले पुल निर्माणकार्यलाई अन्तिम चरणमा पुऱ्याएको छ ।

*तस्विर : भञ्ज्याङ*

# अरूलाई नजिताउनुस् भन्नु नै खतराको घन्टी !

**नारायण वाग्ले**

चुनावको मुखमा नेताहरूको मुख झन् धेरै चिलाउँछ। गाला राता पारी, औंला ठड्याउँदै उनीहरू एकले अर्कालाई थर्काउन थालेका छन्। मैले मोबाइलमा देखेसम्म जो नेता छन्, ती सबै कोभन्दा को गम्भीर मुद्रामा छन्, चर्को बोली उनीहरूको अपरिहार्य शैली बनेको छ।

नेताहरूले जनतालाई आकर्षित गर्ने यही बेला हो । जितेँ भने यो गर्छु भन्ने वाचाको फेहरिस्तलाई विश्वसनीय बनाउन बहस गर्ने, सवाल–जवाफ गर्ने, भाषणमा पनि प्रस्ट्याउने, बोलेर हुन्छ कि कराएर, घोक्रो सुकाएर हुन्छ कि माला र अबिरले छोपिएर! जनताका काम गरेजस्तो देखाएर हुन्छ कि नाचगान गरेर !

मोबाइलमा मैले फ्याट्ट देखे–ज्यादै क्रोधका साथ कोही यस्तो भनिरहेको कि अरु कसैले पनि जित्नु हुँदैन। अर्को कुनै पार्टीले एक सिट पनि जित्नु हुँदैन रे! त्यस्तो आक्रोशको त कुनै उपचारै हुँदैन। यसरी संसद एकलौटि पार्ने सोच आफैमा खतराको घन्टी हो।

केही गरी भोलि संसदमा त्यस्तो एकलौटि भएन भने फेरि जनतालाई घुर्क्याउन पाइने भयो–तपाईंहरूले एकलौटि जिताउनु भएन, त्यस कारण हामीले सोचेजस्तो काम गर्न सकेनौं।

जनतालाई नै थर्काउने सीमासम्म आफ्नो बोलीको बल प्रयोग गर्नु लोकतान्त्रिक होइन। हामीले संसदको निर्वाचन गर्न लागेको हो। संसद भनेकै सत्तापक्ष र प्रतिपक्ष सहकार्य गर्ने थलो हो। सरकारलाई जबाफदेही बनाउने मञ्च हो। त्यस्तो ठाउँमा 'अरु देख्नै नसक्ने मानसिकता आफैमा एउटा समस्या हो। खासमा त्यो खतराको सूचकै हो । अहिले जनताकहाँ जाँदा त प्रतिस्पर्धीहरु एक ठाउँ बसेर बहस गर्न नखोज्नेहरूले नै भोलि संसदमा अरु कोही नजितोस् भन्न थालेबाट उनीहरूको चरम एकांगीपन उजागर भएन त?

फ्यान फलोइङ धेरै भएका दुई जना मिलेर निर्वाचनमा जुन लहर ल्याउन खोजेका छन्, त्यसबाट हौसिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने भन्दैछन्– कि पुराना पार्टीबाट देश बन्छ भन्ने अझै पनि मान्नुहुन्छ भने जिताउनोस् उनीहरूलाई। होइन भने उनीहरूलाई एक सिट पनि नदिनुहोस्।

उनीहरूले एक सिट पनि जित्नु हुँदैन भनेको के हो? कति साह्रो घुर्की हो ? पुराना पार्टीभन्दा नयाँ पार्टी के मानेमा फरक छ भन्ने उनीहरूले खुलस्त पार्न बाँकी छ। जबाफ दिन नखोज्ने तर ओठे जबाफ दिइरहने शैली एकतर्फी हो, यो संवादमुखी त होइन नै, अधिनायकी छनक हो।

यसै त सभापति र प्रधानमन्त्रीका उम्मेदवारबीच न कुनै हार्दिक सम्बन्ध छ, न बलियो विश्वासको आधार । न आपसी सम्मान र मैत्रीभाव, न विश्वासिलो सहकार्यको अनुभव। यस्तो अपत्यारिलो सम्बन्ध कसरी चल्ला, त्यसका सर्त/आधार के होलान् भन्ने प्रश्न छलेर हिंडेकाहरूबाटै अरुप्रति कटाक्ष अस्वाभाविक हो।

उनीहरूको पार्टी पुरानाभन्दा के कसरी नयाँ हुन्छ भन्ने प्रस्ट्याउन सकेका छैनन्। जन्म मितिका हिसाबले भन्ने हो भने त कुलमान घिसिङ, हर्क साम्पाङ लगायतका पार्टीलाई नयाँ भन्न सकिन्छ। आक्रोश फैलाउन सबभन्दा सिपालु पार्टीलाई नयाँ भन्न खोजिएको हो भने त्यो एउटा तर्क हुन सक्छ।

पुराना जति सबै खराब भएर हामी आयौं भन्नेहरूले कम्तीमा हामी कसरी फरक हुन्छौं भनेर जनतालाई भन्न सक्नुपर्दैन र? नभनेरै काम चलेको छ भन्ने मान्ने हो भने त्यो पनि ठिकै छ। भोलि संसदमा एकले अर्कालाई नियन्त्रण गर्लान् भन्ने हाम्रो लोकतान्त्रिक आश हो, तर अरूसँग संवादै गर्दिनँ भन्नेहरूले नै भोलि संसदमा हामी मात्रै हुनुपर्छ भन्नु शोभनीय भएन।

हो, सभापति र प्रधानमन्त्रीका उम्मेदवारको सामाजिक सञ्जालमा धेरै फलोअर छन्। उनीहरूका आक्रोश तुरुन्तै भाइरल हुन्छन्। छोटा वाक्यमा सोझै र प्रत्यक्ष घोचपेच गर्ने चातुर्य भएका दुवै जनालाई अलगोरिदमले साथ दिएको छ। जमाना अनुसार जनभावना कज्याउन सकेका छन्।

जनताले तिनलाई कसरी मत देलान्, अब दिन आउनै लागेको छ। तर संकेत पनि राम्रो आओस् र विभिन्न सोच र प्रवृत्तिहरूबीच सहकार्य होस् भन्ने लोकतन्त्र पक्षधरहरूको चासो हुनु स्वाभाविक हुन्छ । जनताको के मर्जी हुन्छ, त्यो त सबैले पालना गर्नुपर्ने नै छ ! सेतोपाटीबाट






## facebook twitter



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

अन्यथा अर्थ नलागोस्।
मौजुदा संविधान, राज्यप्रणाली, राजनीतिक अवस्था तथा नेतृत्व तहमा देखिएका पुराना/नयाँ पात्रहरूको भिजन, एजेन्डा र क्षमताका आधारमा मुलुकको अवस्था सुधारिने संकेत कतै देखिँदैन। नेपाली समाज/राजनीतिले संरचनागत आमुल परिवर्तनको बाटो नरोजेसम्म आगामी दिन कठिन हुनेछन् । सबैलाई यो कुरा ग्राह्य नहुन सक्छ। तथापि, भविष्यका लागि सन्दर्भ रहोस् भनेर यति लेख्नै पर्ने भयो ।



**Dr. Mukul Dhakal**
x.com/mukuldhakal

संसार युद्धतर्फ जाँदै छ। यस्तो बेलामा हामी नेपालमा भने "नवीन प्रयोग" गर्ने ध्याउन्नमा छौं। हामीसँग सामाजिक सञ्जालको महाशक्ति छ, "सुरक्षित बस्नुहोस" लेखिदिन्छौं, पुगिहाल्यो। केही महिनाअघि मात्र सिंहदरबार जल्यो, सर्वोच्च जल्यो, संसद् भवन जल्यो–त्यो अवस्था युद्धभन्दा कम थिएन। विश्व भू–राजनीति जटिलभन्दा जटिल बन्दै छ। हामी भने यही अवस्थामा "नयाँ प्रयोग" गर्न गइरहेका छौं।
नेपालको आँखाबाट हेर्दा अहिले संसारमा जहाँ युद्ध भइरहेका छन्, ती ठाउँहरु नेपालबाट पश्चिममा पर्छन्, पूर्वमा होइन। जब हामी विश्वका घटनाहरूलाई अरु कसैको आँखाबाट हेरेर विश्लेषण गर्छौं, तब हामी कसरी नेपाल र नेपालीको कोणबाट मात्र विश्व भू–राजनीतिको मूल्याङ्कन गर्न सक्छौं? युद्धको चपेटामा लाखौं नेपाली छन्। युद्ध भइरहेको अवस्था एक ठाउँमा छ, तर युद्धपछिको अवस्था कस्तो होला? राज्यको रूपमा हामी नेपालीले कति तयारी गरेका छौं?
अहिले न देशभित्रको अवस्था सामान्य छ, न देशबाहिरको। परिस्थिति दिनानुदिन जटिल बन्दै छ। यो नयाँ प्रयोग गर्ने बेला होइन, राष्ट्रिय सहमति खोजेर स्थिर र गम्भीर हुने बेला हो।



**रामेश**
x.com/RaameshKoirala

यदि तपाईँलाई 'पलिटिकल्ली करेक्ट' हुने बाध्यता आइलागेको छैन भने सुरक्षा निकायका बहाल/निवृत अधिकारीसँग के कस्तो अवस्थामा गोली चल्छ अनि चलाउनअधिका प्रोटोकलबारे सोध्नू ल ! नत्र भावनाको व्यापारले मात्र मान्छे बनिन्न। हुन त वनमा नाँच्ने र समाजमा बाँच्ने दुवैथरि मान्छे नै हुन् क्यारे ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४